International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 4, September 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

# नेपाली कथामा अपाङ्ग शरीरमाथिको राजनीति

# (Politics on Physically Disabled in Nepal Stories)

DR. RAJANI DHAKAL

*Author affiliations can be found in the back matter of this article

**CORRESPONDING AUTHOR**
**Dr. Rajani Dhakal**
Tribhuvan University, Nepal
rajanidhakal@yahoo.com

*KEYWORDS*

अपाङ्गता

Disabled

दृष्टिविहीनता

Blindness

बौद्धिक अपाङ्ग

Intellectual disability

वर्चस्व

Dominance

शक्ति सम्बन्ध

Power relations

*ABSTRACT*

प्रस्तुत अध्ययन समकालीन नेपाली कथामा शरीरमाथि गरिने राजनीतिको अध्ययनमा केन्द्रित छ । शक्तिका आधारमा कुनै पनि शरीरमाथि गरिने दमन र वर्चस्वशली व्यक्तिले कमजोर शरीरमाथि गरेको दोहनलाई शरीर राजनीति भनिन्छ । पछिल्लो समयमा फरक क्षमताका मानिसका संवेदना र भोगाइलाई विषय बनाएर कथा लेख्ने क्रम बढेको छ । अन्य शरीरभन्दा कमजोर रहने अपाङ्ग शरीरमाथि अझ बढी उपेक्षा, दमन र शोषण भएको स्थिति छ भन्ने विषयमा सचेत भई नेपाली साहित्यमा कथा लेखिएको छ र सचेततापूर्वक यस्तो लेख्न क्रम बढेको छ । यस सन्दर्भमा वर्तमान समयका पाँचवटा कथामा चित्रण गरिएको शरीरमाथिको राजनीतिका विषयको अध्ययन गर्ने क्रममा महेश थापाको 'यात्रा', महेश पौड्यालको 'बगर', एल.बी. क्षेत्रीको 'मृदुलको आत्मकथा', प्रज्जवल पराजुलीको 'खुँडे ओठ' र मनिषा गौचनको 'अतृप्त भोक' कथाहरू अध्ययन गरी अपाङ्ग शरीरमाथि समाजमा गरिने दमनात्मक व्यवहारलाई खोजिएको छ । यस अध्ययनमा उपर्युक्त पाँच कथाबाट प्राथमिक सामग्री सङ्कलन गरी शरीर राजनीतिको सैद्धान्तिक आधारबाट ती सामग्रीको विश्लेषण गरिएको छ । कथाहरूको अध्ययनबाट समाजमा अपाङ्ग शरीरका अनेक अवस्था रहेका र ती शरीरलाई विभिन्न रूपमा दमनपूर्ण व्यवहार गरिने स्थिति रहेको र तिनका लागि लेखकले प्रतिरोधपूर्ण आवाज उठाएको निष्कर्ष निकालिएको छ ।

[This study focuses on the study of body politics in contemporary Nepali short story fiction. The oppression of anybody based on power and the exploitation of weak bodies by dominant people is called body politics. In recent times, there has been an increase in the trend of writing stories based on the feelings and experiences of people with different abilities. In this context, while studying the body politics

International Research Journal of MMC (IRJMMC)

Vol- 5, No. 4, September 2024 ISSN 2717-4999 (Online) 2717-4980 (Print)

depicted in five contemporary stories, Mahesh Thapa's 'Yatra', Mahesh Paudyal's 'Bagar', L.B. Chhetri's 'Mridulako Aatmkatha', Prajwal Parajuli's 'Khunde Oth' and Manisha Gauchan's 'Atripta Bhok' have been studied and the oppressive behavior of disabled bodies in the society has been explored. In this study, primary material has been collected from the above-mentioned five stories and analyzed from the theoretical basis of body politics. From the study of the stories, it has been concluded that there are many conditions of disabled bodies in the society and that there are many conditions of disabled bodies in the society and that these bodies are treated oppressively in different ways nad the author raised a resistance voice for them.

## १. विषयपरिचय

शरीर मान्छेको अस्तित्वको भौतिक र स्थूल आयाम हो अनि बुद्धि र विचारको साधन पनि हो । हिन्दु दर्शनमा पनि आत्मा र शरीरका भिन्न अवस्थाको चिन्तन गरिएको छ । शरीरलाई आधुनिक विज्ञान, औषधी विज्ञान र दर्शनले समेत विचार, अनुभूति, आकार, व्यक्तित्वका सन्दर्भबाट मात्र नभई यसको निर्मितिका सन्दर्भबाट पनि अध्ययन गरेको छ । आधुनिक युगका दार्शनिक वैज्ञानिक र साहित्य सर्जकहरूले समेत शरीरलाई आफ्नो कोणबाट जोडेर हेरेका छन् र यसलाई आफ्ना सन्दर्भबाट व्याख्या गरेका छन् । शरीरलाई साहित्यका सन्दर्भमा तातो र चिसो, सहज र असहज, आकाङ्क्षा र सन्तुष्टि, स्वस्थ र अस्वस्थ शरीरका दृष्टिले पनि हेरिन्छ । यसैगरी शारीरिक रूपमा व्यक्त हुने कुनै पनि संवेदनालाई दैनिक जीवनको अभिव्यक्तिका रूपमा समेत हेरिन्छ । पश्चिम र पूर्वका साहित्यकारहरूले शरीरको अनुभवलाई यौन र गर्भधारण, खानपान र मलमूत्र त्याग, आनन्द र पीडा, इच्छा र दमन जस्ता विषयका सन्दर्भबाट हेरेका छन् । साहित्यिक कृतिहरूले पनि शरीरको यही सन्दर्भलाई व्यक्त गर्ने हुँदा शरीर राजनीति साहित्य अध्ययनको एउटा विषयका रूपमा स्वीकार्य छ । यसमा साहित्यिक पाठहरूमा शरीरका बारेमा कसरी लेखिएको छ र शरीरका बारेको विचारधारात्मक तथा सामाजिक ऐतिहासिक शक्तिसम्बन्ध कस्तो छ भन्ने कुरा प्रस्तुत गरिएको हुन्छ ।

शरीरको अध्ययन पश्चिममा सन् १९७० को दशकपछि प्रारम्भ भएको हो । उत्तरसंरचनावादी चिन्तक मिसेल फुकोले शरीरको केन्द्रीयतामा आधारित भई ज्ञान, शक्ति तथा भौतिक भिन्नता र इच्छाहरूको नियमितताको अध्ययन गरे । उनको अध्ययनमा शरीर पनि एउटा विमर्शका रूपमा स्थापित भएको कुरा प्रस्तुत गरिएको छ । त्यसैक्रममा उनले शरीर कसरी संस्थागत ज्ञान र नियन्त्रणको सङ्गठित उत्पादन हो भन्ने कुराको विश्लेषण गरेका छन् । उत्तर लकाँनेली नारीवादले पनि लैङ्गिकताको विमर्शात्मक उत्पादनको अध्ययन गरेको छ र त्यसलाई हेलेन सिक्सस र लुसी इरिगिरीले सैद्धान्तिकीकरण गरेका छन् । उत्तरसंरचनावादी चिन्तनकै सन्दर्भमा विकसित पहिचानको राजनीतिले शरीरलाई आत्मपहिचान र भिन्न संरचनाका सन्दर्भबाट अध्ययन गरेको छ भने यस अध्ययनले लैङ्गिकता, यौनिकता, जनजातीयता र सामाजिक वर्गका सन्दर्भबाट

शरीरको अध्ययन गर्ने काम गरेको छ । सांस्कृतिक दृष्टिले शरीर निर्मितिको एउटा अवस्था हो जसले सांस्कृतिक मूल्यहरू र आचरणलाई समाजको बदलिँदो अवस्थासँगै हेर्ने गर्दछ । फेड्रिक जेमसन र बौद्रिलार्दले शरीरलाई संस्कृतिको शक्ति हो भनेका छन् भने उनीहरूले शारीरिक बिम्बलाई सांस्कृतिक प्रतीकका रूपमा हेरेका छन् । यसरी हेर्दा शरीर सामान्य आकार, वजन, स्वस्थता मात्र नभएर सांस्कृतिक बानी बेहोरा र उपभोगको अवस्था पनि हो । यसले पश्चिमको उत्तरसंरचनावाद र उत्तरआधुनिक युगले विकास गरेको बहुलवादी सिद्धान्तलगायत ऐतिहासिक भौतिकवादी सन्दर्भलाई समेत व्याख्या गर्दछ ।

शरीर राजनीति शरीरलाई हेर्ने साहित्यिक दृष्टिकोण हो । साहित्यमा शरीरको अवस्था, मातृत्व, खानपान, शरीरको सांस्कृतिक सङ्केत, यौनिकता, अपाङ्गता, वजन लगायतका विषयहरू कसरी प्रतिबिम्बित भएका छन् भन्ने कुराको अध्ययन शरीर राजनीतिले गर्दछ । यसबाहेक शरीरसम्बन्धी अनुभव, शरीरको आनन्द र दुःख, उमेर, शारीरिक प्रभाव, शारीरिक अभिघात जस्ता विषयहरू पनि साहित्यिक अध्ययनका विषय हुन् । नेपाली साहित्यका पछिल्लो समयका कथामा अपाङ्ग शरीरमाथिको राजनीतिक चित्रण के कस्तो छ भन्ने समस्यामा केन्द्रित हुँदै यो अध्ययन गरिएको छ । पछिल्लो समयका नेपाली कथामा शारीरिक अपाङ्गता र मानसिक अपाङ्गताको चित्रण र त्यसमाथिको चेतनाको स्वर खोज्ने मूल उद्देश्यमा प्रस्तुत अध्ययन केन्द्रित छ । अपाङ्ग शरीरमाथि हुने गरेका विभिन्न दमनपूर्ण व्यवहारको पक्षबाट नेपाली साहित्यका कथाहरूको अध्ययन न्युन मात्रामा भएको र पछिल्ला समयका कथाको अध्ययन नभएको अवस्थामा यो अध्ययन महत्त्वपूर्ण रहेको छ । संस्कृति र विज्ञान तथा प्रविधिका कारण विकसित आधुनिक युगको सम्पूर्ण संवेदनाकेन्द्र नै शरीर हो भन्ने आधारमा पाठहरूमा अपाङ्ग शरीरको प्रस्तुति कस्तो छ र ती शरीरको प्रतिनिधित्व तथा प्रतिरोधको अवस्थाको अध्ययन तथा विश्लेषण यहाँ गरिएको छ ।

## २. अध्ययनको उद्देश्य

नेपाली साहित्यमा अशक्त शरीरको संवेदनाको चित्रण हुने क्रम बढ्दो छ । बदिएको नीतिगत व्यवस्थासँगै समाजमा चेतनाको निर्माण हुँदै गएको अवस्था छ । अपाङ्ग शरीरको चित्रण पछिल्ला समयका कथाहरूमा गरिएको छ । यस अध्ययनमा अपाङ्ग शरीरमाथि कस्तो विभेदी तथा दमनपूर्ण व्यवहारको चित्रण गरिएको छ ? र अपाङ्ग शरीरमाथिको प्रतिरोधी चेतनाको निर्माण कसरी गरिएको छ भन्ने प्रश्नमा केन्द्रित हुँदै अपाङ्ग शरीरमाथिको संवेदनशील अवस्था र तिनमाथि प्रस्तुत भएका सकारात्मक चेतनाको खोजी गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको हो ।

## ३. अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्य पूरा गर्न महेश थापाको 'यात्रा', महेश पौड्यालको 'बगर', एल.बी. क्षेत्रीको 'मृदुलको आत्मकथा', प्रज्जवल पराजुलीको 'खुँडे ओठ' र मनिषा गौचनको 'अतृप्त भोक' कथाहरू अध्ययन गरी अपाङ्ग शरीरमाथि गरिएको दमनकारी र हिंसात्मक अभिव्यक्तिलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । शारीरिक र मानसिक अपाङ्गताका विषयमा प्रशस्त तथ्य भएका प्रस्तुत कथाहरू सोद्देश्य छनोटमा परेका हुन् । यसरी प्राप्त भएका तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि डेभिड हिलम्यान र उल्रिका माउडेले सम्पादन गरेको द *क्याम्ब्रिज कम्पानिअन टु द बडी इन लिटरेचर* तथा मिसेल फुकोको वर्चस्वको अवधारणालाई यहाँ सैद्धान्तिक आधारका रूपमा लिई कथाका पात्रका शरीरमाथि भएका हिंसा, उत्पीडन, दुर्व्यवहारको विश्लेषण गरिएको छ । शरीर राजनीतिसम्बन्धी सैद्धान्तिक ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी तिनका आधारमा प्राथमिक सामग्रीको विश्लेषण गरिएको छ । यस अध्ययनमा मूलतः पाठविश्लेषण विधि प्रयोग गरी कथाहरूलाई शारीरिक र मानसिक अपाङ्गताका आधारमा विश्लेषण गरिएको छ ।

## ४. सैद्धान्तिक पर्याधार

डेभिड हिलम्यान र उल्रिका माउडेका दृष्टिमा शरीर विवादास्पद क्षेत्र हो (सन्, २०१५, पृ. १) । यस दृष्टिले शरीर एकै रूपमा परिभाषित हुने विषय होइन । यो कतिपय अवस्थामा शरीर र आत्माको साधन वा घरका रूपमा परिभाषित भएको पाइन्छ । यस दृष्टिले शरीर त्यस्तो अवस्था हो जसलाई फेसन अथवा परिधानले ढाकेको हुन्छ भने त्यसभित्रको मांसपिण्ड शरीरका रूपमा आउँछ । विज्ञानको आधुनिक आविष्कारसँगै शरीरलाई औषधविज्ञान र दर्शनका आधारमा चिन्न थालियो । शरीरका बारेका विचार, अनुभूतिमा पनि फरक हुन थाल्यो । यस दृष्टिले हेर्दा शरीर हाडमासुको देह मात्रै होइन भन्ने बुझिन्छ र त्यसका विभिन्न क्षेत्रहरू र तिनको विवादास्पद अवस्थाहरूका बारेमा पनि थाहा हुन्छ (हिलम्यान र माउडे, सन् २०१५, पृ. १) । शरीर राजनीतिलाई दैनन्दिन जीवनको सन्दर्भबाट पनि परिभाषित गरिन्छ । दैनिक जीवनमा स्पर्श, निकटता, आँखा जुधाइ, हँसाइ, व्याख्या जस्ता विषयहरू सामाजिक अन्तरक्रिया हुन् तर यस्ता व्यवहारमा राजनीतिक सङ्केत पनि देखिन्छ र तिनीहरू स्वस्थ प्रकृतिका हुन् वा दमनात्मक हुन् भन्ने कुराको आधारमा त्यसको सत्ता सम्बन्धको व्याख्या गरिन्छ (हेन्ली, सन् १९७७, पृ. ३) । यस्तो व्याख्या मानवका अन्तरवैयक्तिक सम्बन्धमा आधारित हुन्छ । यसरी हेर्दा शरीर सत्ता, दमन, अहङ्कार र तहगत त्यस्तो अवस्था हो जसले मानवीय सम्बन्धलाई दमन र सोपानक्रमका आधारमा हेर्दछ । दमनका व्यवहारहरू शाब्दिक र हाउभाउजन्य दुवै प्रकारका हुन सक्छन् । ती सम्बन्धहरू राजनीतिक आर्थिक संरचनाबाट व्यक्त हुँदै मानवीय सम्बन्धका स्थानीय स्वरूपका आधारमा व्यक्त हुन्छन् । जसलाई हेन्लीले सूक्ष्म राजनीतिक संरचनाको दैनन्दिन अनुभवका आधारमा व्याख्या गरेकी छन् (सन्, १९७७, पृ. ३) । शरीर भनेको संस्कृतिको त्यस्तो स्वरूप हो जसलाई समाजले निर्माण गरेको हुन्छ र सामाजिक सांस्कृतिक सन्दर्भमा शरीरसम्बन्धी अनुभवहरूको आदानप्रदान पनि हुन्छ । अर्थात् शरीरलाई इतिहासले आकार दिन्छ र शरीरसम्बन्धी मान्यता पनि दिन्छ ।अपाङ्गतालाई मौन लेखन पनि भनिन्छ । मौन लेखनले मौन विश्वको अवस्थालाई समेट्छ । यसले समाजबाट भौतिक कारणले पर पुगेका मानिसहरूको जीवनको चित्रण गर्दछ । यस्तो मौनता आध्यात्मिक र बौद्धिक दुवै प्रकारको हुन्छ (सु, सन् २०१५, पृ. २४) । अपाङ्ग शरीर र त्यसका कारण निर्मित पाठ साहित्य अध्ययनका दृष्टिले महत्त्वपूर्ण छ । यस्तो लेखनमा अपाङ्गताको समेत शारीरिक सन्दर्भ समेटिएको हुन्छ । यस्तो सन्दर्भ साहित्यको रूप र विषयवस्तुमा आधारित भई ऐतिहासिक, भौतिक, धार्मिक विषयमा आधारित शरीर राजनीतिसँग जोडिएको हुन्छ । सुका अनुसार साहित्यिक पाठको अपाङ्गतासम्बन्धी धारणामा लेखकको समय र स्थानको सामाजिक परिवेशलाई प्रस्तुत गरिएको हुन्छ (पृ. २६) भने यसले अपाङ्गतामा आधारित पद्धतिलाई परीक्षण गर्दै साहित्यको स्वरूप र स्थितिको सम्बन्धको पुनःअध्ययन गर्दछ । यसमा अपाङ्गहरूका जीवन्त अनुभवहरू समेटिएका हुन्छन् र तिनमा बहिरोपन, दृष्टिविहीनता, हात खुट्टाको समस्या, बौद्धिक अपाङ्गता जस्ता विषयहरू समेटिएका हुन्छन् । यसरी अपाङ्गतामा अपाङ्गहरूको स्वरूपको प्रतिनिधित्व हुन्छ र तिनका बारेको दृष्टिकोण, विचार र प्रस्तुतिलाई सकारात्मक रूपमा चित्रण गरिएको हुन्छ ।

अपाङ्गता शरीर राजनीतिको पहिलो पक्ष हो । यसले कला साहित्यको प्रस्तुतिमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । शरीर राजनीतिको अध्ययनमा अपाङ्गतालाई सांस्कृतिक र राजनीतिक सन्दर्भबाट विश्लेषण गरिन्छ । प्रारम्भमा साहित्यिक अपाङ्गताको अध्ययन अपाङ्ग मानिसहरूको आख्यानात्मक प्रस्तुतिमा मात्र सीमित थियो र ती आख्यानहरूमा दृष्टिविहीन वा सुस्तश्रवण वा अन्य प्रकारका भौतिक अपाङ्गता भएका चरित्रहरूलाई साङ्ग चरित्रहरूसँग जोडेर प्रस्तुत गरिन्थ्यो । यस्तो अवस्थामा समालोचकहरूले समेत अपाङ्गहरूलाई नकारात्मक रूपमा प्रस्तुत गरेको (जस्तैः दया, अन्धविश्वास, हाँसो आदि) पाइन्छ । बिस्तारै अपाङ्गतासम्बन्धी अध्ययनलाई मानिसको सकारात्मक धारणाबाट प्रस्तुत गर्ने काम हुन थाल्यो र

यो शरीर राजनीतिको एउटा विषय समेत बन्यो । वर्तमान अवस्थामा अपाङ्गता अध्ययनको चित्रणमा चरित्रहरूलाई भौतिक कारण र दैनन्दिन जीवनको अवस्थाका रूपमा हेर्दै उनीहरूको अस्तित्वको चर्चा हुने गरेको छ । आख्यानात्मक रचनाहरूमा पनि उनीहरूको शरीरलाई सकारात्मक रूपमा प्रस्तुत गर्ने र कार्यस्थलमा शक्तिशाली देखाउने परम्परा विकास भएको छ । त्यसबाहेक उनीहरूको कथालाई पीडा, दुःख र दयामा मात्रै होइन, प्रतिरोधी चेतनालाई समेत जोडेर प्रस्तुत गरेको पाइन्छ । साहित्यमा अपाङ्गता अध्ययनका केही पक्ष अध्ययन भए पनि नेपाली कथामा अपाङ्ग शरीरमाथिको शरीर राजनीतिको अध्ययन नभएको हुनाले प्रस्तुत अध्ययन महत्त्वपूर्ण रहेको छ ।

## ५. शारीरिक अपाङ्गताको विश्लेषण

महेश थापाको 'यात्रा' कथामा शारीरिक अपाङ्ग पात्रको जीवन सङ्घर्ष र पीडाको कथा समेटिएको छ । हिँडडुल गर्न अक्षम ह्विलचियरमा रहेको एक पात्रले यस कथामा आफ्नो जीवन सक्रिय रहँदै इच्छामृत्युको चाहना प्रकट गरेको छ र त्यसका लागि आफैले प्रयत्न गरी सफलतामा पुगेको छ । बौद्धिक रूपमा सक्रिय तर शारीरिक रूपमा अशक्त भएका कारण उसको जीवन समाजमा सहज छैन । अझ नेपालमा अपाङ्गमैत्री संरचना र व्यवस्था कम छन् । त्यसैले अपाङ्ग व्यक्तिका लागि सुविधाजनक अवसरहरू पनि कम छन् । परिवारमा पनि जन्मदाताको मुस्किलले पाएको मायाबाट मात्र बाँच्ने सहारा पाउने अवस्था भएका यस्ता पात्रको जीवन जटिल छ भन्ने कुराको बोध यस कथाबाट हुन्छ । कथाको म पात्रले जीवनको अन्त्यका लागि इच्छामृत्युको व्यवस्था भएको मुलुक स्विजरल्यान्डमा पुगेर आफूले चाहे जसरी मर्ने योजना बनाएको छ । आफ्नो कमाइ र शारीरिक सक्रियताका रूपमा ह्विल चियर चलाउन सक्ने अवस्थामा रहँदै आफू इच्छा मृत्युको कानुनी व्यवस्था भएको मुलुकमा जान खोजेको छ र त्यसका लागि उसले आवश्यक पैसा र डकुमेन्टहरू मिलाएर इमेल गरेको छ । कमाउन सक्ने भएर पनि समाजमा सहज जीवन बाँच्न नसकेको अवस्थाले नै म पात्रलाई इच्छामृत्युका लागि स्विजरल्यान्ड जानु परेको छ । कमजोर शरीरलाई राज्यले गर्ने बेवास्ताको पाटो यस कथाबाट प्रकट भएको छ । एउटा व्यक्तिको संवेदनामा सम्मानित नागरिक भएर बाँच्ने अधिकारको व्यवस्था नहुँदा जीवन सहज बन्न नसक्ने कुरा यस कथाले बुझाउँछ । अपाङ्गहरू परिवार र समाजका लागि बोझ हुन् भन्ने खालको बुझाइ र अभ्यासले गर्दा उनीहरूको जीवन सहज रूपमा अगाडि बढ्न सकेको हुँदैन । समाजसँग असहज भोगाइ भएकै कारणले म पात्र यस्तो निर्णयमा पुगेको छः

> यो अवसर गुमाउने कुरा मलाई कल्पनातीत लाग्छ । शारीरिक अवस्थाले साथ दिँदै मैले यो यात्रा पूरा गरिसक्नुपर्नेछ । मांसपेशीमा स्वस्फूर्त दबाब पैदा हुन्छ । मेरा दुवै हत्केलाले आफू बसिरहेको ह्विलचेयरका पाङ्ग्रा अँठ्याउन पुग्छन् । अझै यिनमा ह्विलचेयर धकेल्न आवश्यक शक्ति बाँकी रहेको महसुस गर्छु । हल्का राहत मिल्छ । डिस्काउन्टका लागि इमेल लेख्ने विचार तिरोहित गर्छु ।
>
> यात्राका लागि झन्डै एकचालिस सय डलर अग्रिम बुझाउनुपर्छ मैले । फेरि, यात्राको अन्तिम टुङ्गो लागेको पनि होइन । के होला भोलि ? निश्चित छैन । निकै ठुलो जुवा लाग्छ यो मलाई । असाध्य रोगले गाँजेयताको पछिल्लो पाँच वर्षमा मैले घिस्रिफिस्री गरेको लेखन र एनजीओकर्मबाट सञ्चित रकममध्येको ठुलो भाग च्याँखेझैँ थाप्ने कुराले द्विविधाग्रस्त तुल्याउँछ – तर जानै पर्नेछ मैले । समयको सुविधा छैन । (पृ. ४५-४६)

कथामा म पात्रको अवस्था शारीरिक रूपमा सहज छैन तर ऊ मानसिक रूपमा सक्षम छ । पैसा कमाएको छ, देश विदेशको यात्रा गरेर विभिन्न कार्यक्रममा पनि सहभागी भएको छ । अपाङ्गताको संवेदना र तिनको पीडालाई अझ गहिराइमा बुझाउनका लागि कथामा कालेको छोराको घटना पनि उत्तिकै संवेदनशील रूपमा आएको छ । अपाङ्ग बालकलाई थुनेर घाँसपात र घरव्यवहार गर्नुपर्ने आमाबाबुको

दैनिकी र कालेको जीवनको पीडादायी तथ्यले अशक्तको दर्दपूर्ण कथा प्रस्तुत गरेको छ । सधैँ एक्लै बसिरहने दैनिकीमा कालेले आफूलाई शान्त बनाए पनि उसको शरीरबाट निस्केको पीडा चाहिँ बाहिरसम्म सुनिन्छ । कथामा कालेको पीडालाई यसरी चित्रण गरिएको छः "...जब उसको शिथिल शरीरबाट आर्तनाद निस्किन्छ, त्यसले भूमध्यरेखाबाट चिरेर पृथ्वीका ध्रुवहरूलाई फल्याँटो पारिहाल्छ कि भनेझैँ हुन्छ । सुइरोमा उनिएको कुनै बलिष्ठ जीवनको भन्दा हृदयविदारक आवाजले मेरो मन, मस्तिष्कलाई कोरेसोले झैँ कोर्छ । त्यो आवाजको झस्कना आउनासाथ मलाई टाढा कतै गइहालौँ जस्तो लाग्छ" (पृ. ४७) । अपाङ्गका शरीरबाट निस्किने पीडा, उनीहरूलाई सहज उपलब्ध हुन नसकेको उपचार आदिका अनेक पक्षको सङ्केत यसबाट मिल्दछ । कथामा म पात्रले आफ्नो अन्तिम यात्राको तय गर्ने निश्चित भएपछि आमालाई लेखेको चिठीले अपाङ्गको मानवीय संवेदना, जीवन बारेको चिन्तन र व्यावहारिक पक्षलाई पनि बुझाएको छ । आमाले दिएको मायाप्रति जीवनको अन्तिम समयमा उसले लेखेको पत्रले पनि यसलाई स्पष्ट पारेको छः

> मेरो अन्तिम उपहारको रूपमा तपाईँलाई केही सामान पठाउने सोचमा थिएँ । पैसा पुगेन । पस्मिनाको एउटा बर्कोसम्म त पठाउन सकूँला कि भनी प्रयत्न गरेँ । त्यो पनि सकिनँ । बाँच्न पनि पैसा लाग्यो, मर्न पैसै नभई भएन । मरेपछि वैतरणी तारिदिनेहरू पनि आउलान् त 'छोराको आत्मा भट्किएला' भन्दै तर्साउलान् । अनेक दान र तर्पणको नाममा मेरा निम्ति अब थप खर्च नगर्नुहोला ! त्यो पैसाले बरु एउटा पस्मिनाको बर्को किनेर ओढ्नू, छोराको अन्तिम चिनो सम्झेर ।
>
> भोलि बिहान सूर्योदय हुनासाथ मेरो यात्रा आरम्भ हुनेछ । ती हजारौँ यात्रुमध्ये म एक हुनेछु, जो संसारभरिबाट बर्सेनि 'मृत्यु पर्यटन' का निम्ति स्विजरल्यान्ड आउने गर्छन् । यो सहरभन्दा धेरै टाढा रहेको एउटा सानो घरमा पुग्नेछु, जहाँ चिकित्सकले मेरो प्रेस्क्रिप्सनमा लेखिदिएको 'सेडियम पेन्टोबार्बिल' पिउँनेछु । र, केही निमेषको गहिरो निद्रासँगै म यो संसार त्याग्नेछु । (पृ. ५४)

अपाङ्ग शरीर भएका व्यक्तिहरू जीवनका बोध र संवेदनामा साङ्गजत्तिकै छन् तर तिनको शरीर कमजोर भएकै कारण तिनका लागि राज्य र समाजले सही व्यवस्थापन गर्न सकेको छैन । अपाङ्गता बोझ हो भन्ने खालका बुझाइ र व्यवहारले अपाङ्गको शरीर अपहेलित छ ।

महेश पौड्यालको 'बगर' कथामा भीम अर्थात् अग्ले पात्रको कथाले अपाङ्गप्रति समाजको दृष्टिकोण अझ स्पष्ट पारेको छ । नागा उग्रवादीको आक्रमणमा परेर घाइते भएको भीमको कुरूप शरीर र अनुहारले ऊ आफ्नै परिवार र समाजबाट उपेक्षित भएको छ । लडाईँमा बमको छर्रा अनुहारमा लागेपछि उसको अनुहार बिरूप भएको छ । उसको डरलाग्दो अनुहारकै कारण उसलाई पत्नीले छोडेकी छ । उसका सन्तानहरू टाढा भएका छन् र समाजबाट ऊ उपेक्षित छ । समाज र परिवारमा उसलाई सामान्य मानिसका रूपमा व्यवहार गरिँदैन । एउटा कुरूप अनुहार भएको व्यक्तिसँग नजिक हुने कुरा त के समाजले उसको सही नाम जान्ने समेत चाहना राख्दैन । शरीरको बाहिरी हुलियाकै आधारमा उसलाई समाजले 'अग्ले' (उपेक्षापूर्वक) नाम दिएको छ । उसले लगाएका लुगा आदिका आधारमा समाजले उसलाई कुख्यात लाहुरेका रूपमा बुझेको छ र मानिसहरू उसको हुलिया देखेर डराएका छन् । उसको अङ्गभङ्ग भएको कुरूप स्वरूपलाई कथामा यसरी चित्रण गरिएको छः

> ...दागैदागले भरिएको छ्याकटे अनुहार, निकै लामा कान, लामो घुम्रिएको कपाल । अनुहार भने आहार नपुगेर खोपिल्टिएको थियो । गुफाजस्ता गहिरा ओडारभित्र ठुल्ठुला आँखा, डोरी बटारेजस्ता आँखीभौँ, पहाडबाट ढुङ्गामुढा लिएर हाम्फालेको खोलाको जस्तो कर्कस हाँसो र राक्षसी बोली । यी सबैका कारण ऊ एउटा त्रासको प्रतिविम्ब थियो । उसका लुगाफाटा पनि त्यस्तै हुन्थे – मिलिटरीका

> कपडा, त्यसमाथि कहिले बोराको भोटो भिरेको, कहिले सुनपाटको खोल । खुट्टामा गमबुट । (पृ. ५२)

अग्लेको बिरूप हुलियाले ऊ असामान्य र शारीरिक रूपमा कमजोरी भएको पात्र जस्तो देखिन्छ । लडाईँमा आफ्नो जवानीको धेरै समय बिताएको अग्लेले लडाईँकै कारण आफ्नो अनुहार र शरीरलाई बिरूप बनाउन पुगेको छ । त्यही कुरूप अनुहार र अडभाङ्गे शरीरले गर्दा ऊ समाजमा बहिष्कृत भएको छ । टाढा भएका आफ्ना सन्तानको सम्झनाले स्नेहवश गाउँका बालबालिकाहरूलाई छुन र समाउन खोज्दा ऊबाट सबै टाढा भाग्छन् । उसलाई कसैले पनि सामान्य मानिसका रूपमा व्यवहार गर्दैनन् । उसले बच्चालाई स्नेहले छुने र उचाल्ने गर्छ तर ऊदेखि सबै बच्चा डराउँछन् । त्यसैले ऊ समाजमा आतङ्ककारी जस्तो भएको छ । बच्चालाई उल्लेख्य दुर्व्यवहार पनि नगर्ने तर गाउँका सबै बालकहरू ऊबाट भाग्ने अवस्थाले गर्दा अग्लेमाथि आरोप लागेको छ । उसले आफूलाई लागेको आरोपको बचाउमा भनेको छ, "म बाटो हिँड्दै पनि बच्चा तर्सिन्छन् । कि मेरो लागि बजार जाने अर्कै बाटो बनाइदिनुपर्यो, कि त मेरो अनुहारै फेरिदिनुपर्यो । के मसँग सोझो पाराले बाटो हिँड्ने अधिकार पनि छैन ?"(पृ. ५३) । यस कुराले बिरूप र अपाङ्ग शरीर हुनेहरूलाई समाजले गर्ने फरक व्यवहारलाई सङ्केत गरेको छ । समाजले स्वीकार गरेको सुन्दर अनुहार, आकर्षक जीउडाल, सफा शरीर हो । समाज, परिवार र आफूले काम गरिरहेको ठाउँबाट समेत अग्ले बहिष्कृत हुन पुगेको पीडादायी घटना यहाँ छ । अनुहार बमका छर्राले बिगारेपछि भीमलाई काम गर्ने ठाउँमा पनि अनुहार नदेखिने रातको समयमा ड्युटीमा राखिन्छ । आर्मी क्याम्पमा बस्ने उसको पारिवारिक जीवन उसको कुरूप अनुहार देख्न नपरोस् भनेर अफिसरकै आदेशमा डेरामा सर्नुपर्छ । दिनको उज्यालोमा डेरामा बस्दा अरूका बच्चाहरू उसको कुरूप अनुहारले डराउन थाल्छन् । अरू त अरू अग्लेकी पत्नी समेत ऊसँग टाढा हुन थाल्छे र एक दिन दुबै छोराहरू बोकेर माइत हिँड्छे । उसले अग्लेसँग बस्न नसक्ने निर्णय गर्छे र अग्ले नै मन नपरेको निर्णय सुनाउँछे । लुकेर आफ्ना सन्तानलाई हेर्न जाने र भेटेर खानेकुरा र चकलेट दिने अग्लेले कुरूप अनुहार भएकै कारण सन्तानको निकटता पनि गुमाउन पुग्छ । छोराहरू पनि ऊबाट टाढा हुन्छन् । लुकेर पनि आफ्ना सन्तानलाई हेरिरहने उसले केही दिनपछि त्यो अवसर पनि गुमाउँछ । पत्नी र छोराहरू कतै टाढा गएको थाहा पाएपछि उसले त्यहाँको काम छोडेर नेपालको आफ्नो थातथलोमा फर्किन्छ । उसलाई सबैका बच्चा आफ्ना जस्ता लाग्छन् तर सबै बच्चा ऊसँग डराउँछन् । कथामा अग्लेभित्रको मानवीय तीव्र संवेदना एकातिर छ भने अग्लेलाई गर्ने समाजको तीव्र तिरस्कार अर्कोतिर छ । संवेदनाको यो विपर्युक्तिमा अग्ले पीडित र विक्षिप्त जस्तो भएको छ । एउट सामान्य व्यक्ति युद्धका कारण अपाङ्ग भयो, अनुहारको रूप बिग्रियो अनि समाजले उसलाई हेर्ने दृष्टिकोण बदलियो । यसरी संसार सधैँ सुन्दर अनुहार र शरीर भएका मान्छेका पक्षमा मात्र छ, कुरूप र विरूपका लागि विभेदी छ भन्ने कुरा यस कथाले बुझाएको छ । शरीर र अनुहार जस्तो देखिए पनि ऊभित्र तीव्र मानवीय संवेदना छ । ऊ सबैका बच्चालाई माया गरेर आफ्ना बच्चालाई दिन चाहेको माया दिन खोज्छ तर सबै टाढा हुन्छन् । यही कुरालाई अग्लेले यसरी बताएको छः

> मलाई सप्पैका बच्चा मेरैजस्ता लाग्छन् । म नजिकिन खोज्छु, माया गर्न खोज्छु, आफूसँग भको फलफूल र मिठाई बाँड्न खोज्छु । तर अहँ, कोही पनि छेउ पर्दैन । बुइनी, मैले आजसम्म केही नराम्रो काम गरेको छैनँ । मेरो हृदय निश्छल छ । घरमा सधैँ म पूजापाठ गर्छु । भजन-कीर्तन गर्छु । तर म यस भेगमा पनि राक्षस नै कहलिएँ । मभित्रको मान्छे कसैले देखेन आजसम्म । (पृ. ५९)

अनुहार र शरीर कुरूप हुनु समाजको चयन र स्वीकृतिबाट टाढा हुनु हो भन्ने दृष्टिकोण भएका कारण व्यवहार र संवेदना राम्रो हुँदाहुँदै पनि अग्ले समाजबाट बहिष्कृत जस्तै छ । उसको कुरूप अनुहारले आफ्नै परिवारलाई पनि तर्साएर टाढा बनाएको छ । सिपाहीहरूको शरीरलाई स्वस्थ रहुन्जेल सत्ताले उपयोग

गर्छ र युद्धमा अङ्गभङ्ग भएपछि तिनलाई सरक्क टाढा फालिन्छ भन्ने कुरा यस कथाले देखाएको छ । उसले काम गरेको आर्मी क्याम्पले उसलाई स्वीकार गरेर ससम्मान काम दिइरहेको भए परिवार र समाजले पनि उसलाई उपेक्षा गर्ने थिएनन् । शक्ति वा पावरले बनाएको विमर्शले यहाँ काम गरेको छ । कुरूप अनुहार हेर्न नचाहने वा टाढा पन्छाउन चाहने दृष्टिकोण आर्मी क्यामपबाट नै सुरु भएको छ । शक्तिको राजनीतिले उसको शरीरमाथि राजनीति गरेको छ र त्यो राजनीति समाज र परिवारले समेत गरेको छ । अग्लेको शरीरलाई समाजका सबै तहबाट उपेक्षा गरिनु नै यहाँ उसको शरीरमाथिको राजनीति हो । यस कथामा कुरूप शरीरको केन्द्रबाट नै कथामा समाजको दृष्टिकोण निर्माण भएको छ ।

एल. बी क्षेत्रीले 'मृदुलको आत्मकथा' कथामा सुस्त श्रवण भएकी युवतीको आत्मकथा प्रस्तुत गरेका छन् । यस कथामा मृदुलको कान नसुन्ने जन्मजात गुणलाई पनि समाजले उपेक्षा गरेका कारण उसको जीवनमा आएका उहापोहको चित्र खिचिएको छ । मृदुलको शरीर कमजोर भएकै कारण अन्य मान्छेझैँ स्वाभाविक देखिन्न । ऊ समाजले तोकिदिएको सौन्दर्यको मापदण्डभित्र पनि पर्दिन । उसको बोली स्पष्ट छैन, कान एकदमै कम सुन्छे, सजिलै कुरा बुझ्दिन अनि पढ्न पनि सिपालु छैन । उसको शारीरिक हाउभाउ अरूको भन्दा फरक छ । उसको शारीरिक अपाङ्गता साथीका बिचमा सधैँ खिसीको विषय बनेको छ । परिवारमा जेठी छोरीका रूपमा जन्मेकी ऊ सुस्त श्रवणकै कारण चाहेअनुसार पढाइ र सिकाइमा विकास गर्न सक्दिन । भाइबहिनीले एसएलसी पास गरिसक्दा पनि धेरै ढिलो मात्र ऊ फरक तरिकाले पास हुन्छे । बहिनीको बिहे भएको धेरै पछि मात्र उसको बिहे भएको छ । मृदुल आफैले आफूलाई समाज र साथीहरूले गरेको विभेदी व्यवहारलाई कथामा यसरी सम्झेकी छः

> सामुन्ने उनीहरू केही भन्दैनथे तर पछाडि मेरा बारे नानाथरीका कुरा गर्थे । लाटी भन्थे । अनि हाँस्थे । उनीहरू हाँसेको देखेर मलाई खासै फरक पर्दैनथ्यो । म अभ्यस्त भएसकेकी थिएँ मेरा साथीहरूका मप्रति लक्षित अपहेलनाका हाँसोसँग किनकि त्यो मेरो जन्मजात सौगात थियो । तर मेरी आफ्नै बैनी उनीहरूको हाँसोमा सम्मिलित भएको देख्दा भने नरमाइलो लाग्थ्यो । म उनीहरूसँग खेल्न जान मन गर्थें तर उनीहरू मलाई आफ्नो समूहमा मिसाउन मन गर्दैनथे । म मेरो प्राकृतिक कमीसँग परिचित थिएँ । केही थप सिक्नका लागि पनि मलाई उनीहरूसँगै कुरा गर्न मन लाग्थ्यो तर त्यो अवसरबाट म धेरैजसो वञ्चित रहेँ । (पृ. ७३)

महिलाको शरीरप्रतिको धारणा राख्ने पितृसत्तात्मक समाजले उसलाई सुन्दर र भोगवादी कोणबाट सक्षम भएको मात्र स्वीकार गर्छ । महिलाको स्वभाव, बोलीचाली, सौन्दर्य, शारीरिक हाउभाउको मानक समाजमा पुरुषदृष्टिले निर्माण हुँदै आएको छ । सुन्दर, सुडौल, चञ्चल आदि जस्ता महिलाको सौन्दर्यको मानक बनाउने शक्ति र सत्तामा सधैँ पुरुष भएका र तिनीहरूले महिलाको शरीरलाई आफ्नो आवश्यकता र अनुकूलताअनुसार होस् भन्ने चाहना राख्ने सामाजिक परम्पराकै कारण यहाँ पनि मृदुलको सुस्त श्रवण र सुस्त मनस्थिति भएको शरीर अस्वीकार्य भएको हो । यसैका कारण उमेर पुगेर पनि यो समाजमा उसको बिहे हुन सकेको छैन । बहिनीको बिहे भएको धेरै पछि मात्र मृदुलको बिहे भएको छ । मृदुलको कमजोरी थाहा पाएर स्वीकार गर्ने चेतना भएको सचेत व्यक्तिले मात्र ऊसँग बिहे गर्न राजी भएको छ । कमजोर सन्तानलाई पढ्न प्रेरित गर्ने, उसको कमजोरीलाई पनि स्नेह गरी सही वातावण दिने, सौन्दर्यलाई मात्र महत्त्व नदिने र सुस्त श्रवणकी भए पनि जीवन साथीका रूपमा स्वीकार गर्न तयार हुने जस्ता पात्रको उपस्थिति र व्यवहार पनि कथामा आएका छन् । ती पात्रका सकारात्मक सोचले कमजोर शरीर भएकालाई केही राहतको वातावरण मिले पनि समाजको आम चेतना चाहिँ कमजोरप्रतिको हेपाइपूर्ण र उपेक्षापूर्ण व्यवहार नै रहेको छ । कमजोर र शक्तिहीन शरीरलाई उपेक्षा गर्ने सामाजिक दृष्टिकोणले समाजमा अपाङ्गको स्थिति सहज नभएको र यस दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने

धारणा यस कथाले राखेको छ । पुरुषनिर्मित सौन्दर्यको मानकमा नपरेका महिलाहरू अप्ठेरोमा छन् । उनीहरूका शरीर र संवेदनाका विषय उपेक्षामा छन् भन्ने कुरा यस कथाले स्पष्ट पारेको छ ।

प्रज्जवल पराजुलीको 'खुँडे ओठ' कथाले शरीरिक रूपमा कुरूप किशोरी कालीले विभेदकारी समाजमा भोग्नु परेको दमनपूर्ण व्यवहारलाई उतारेको छ । कथामा कालो अनुहार र खुँडे ओठ भएकी निम्न वर्गीय परिवारकी एउटी चौध वर्षे किशोरी सामन्तवादी सोच भएको परिवारमा सहयोगीको भूमिकामा राखिएकी छ । पाँच वर्षदेखि पार्वतीको घरमा सहयोगीको भूमिकामा रहेकी उसलाई अभिभावकले पनि छोरी, खुँडे ओठ भएकी र काली भएकै कारण कुनै वस्तु सरह पार्वतीलाई दिएको देखिन्छ । गरिबीका कारण एउटी कुरूप र काली छोरीलाई परिवारबाट पन्छाउनु र कुनै व्यक्तिलाई दिनुले उसको शरीर कति शोषणमा परेको छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । आर्थिक रूपमा पनि कमजोर र चेतनाको तहमा पनि तल रहेको उसको कमजोर शरीरमाथि अनेक रूपमा दोहन गरिएको पाटो कथाको सुरुदेखि अन्त्यसम्म देखाइएको छ । परिवारमा सहयोगीका रूपमा राखिएकी उसलाई अधबैँसे महिला, उसको परिवार र आफन्तले गर्ने उपेक्षा र उसको शरीरमाथि देखाएका असीमित घृणाका घटनाहरू कथामा आएका छन् । कथामा कालीमाथि पटकपटक हैरानीपूर्ण व्यवहार भइरहन्छ । उसको रङ र शरीरमाथि टीकाटिप्पणी भइरहन्छः "धन्न तैँले यहाँ काम पाइस्, काली ! तेरो यस्तो बुद्धिले त अन्त कतै बिक्ने थिइनस् । तेरो कोइला जस्तो अनुहार र खुँडो ओठ ! मेरा लोग्ने जीवितै भइदिएका भए तँ जस्ती रूप न रङ्गकीलाई यहाँ पनि टिक्न दिँदैनथे" (पृ. ३) । घर मालिक्नीको यस्तो अभिव्यक्तिले खुँडे ओठ भएकी काली केटीको शरीरमाथि गरिने समाजको दमनकारी व्यवहार चिनाएको छ । उसको शरीर र रङमा सिधै टिप्पणी गरेर होच्याउने मात्र होइन घरको मालिक जीवित भएको भए घरमा राखिएकी सहयोगी केटीको शरीर र सौन्दर्यमाथि उसको हैकम हुने थियो भन्ने अर्थ बुझिन्छ ।

महिलाको शरीर सधैँ पुरुषको भोगका लागि हो र दृष्टिभोगमा पनि पुरुषलाई सुन्दर अनुहार नै चाहिन्छ भन्ने अर्थ यस अभिव्यक्तिमा रहेको छ । काम गर्ने केटीको खुँडे ओठको चित्रण कथामा यसरी गरिएको छः "खुँडो परेको ओठबाट बाहिर निस्केका दाँत झलक्क हेर्दा मुसाले पनीरका टुक्रा कुटुकुटु खान लागे जस्ता देखिन्थे" (पृ. ३) । नराम्रो, कमजोर शरीर अनि अभिभावक र आफन्तको आड भरोसा नभएकै कारण मालिक्नी पार्वतीले उसको काममा बारम्बार होच्याएर टिप्पणी गरिरहन्छे । कहिल्यै गुनासो नगर्ने र सहनशील भएका कारण नै उसलाई पार्वतीले आफ्नो घरमा राखेकी छ र उसको शरीर र कामप्रति आलोचनात्मक रूपमा होच्याएर बोल्दै आफ्नो अहम्‌को तुष्टि लिएकी छ । उसले पटकपटक केटीले कुचो बढारेको, भाँडा माझेको, जुम्रा हेरेको आदि विषयमा मात्र होइन खाएको, बोलेको, प्रश्न सोधेको आदि हरेक विषयमा होच्याएर टिप्पणी गरेकी हुन्छे । मालिक्नीले जतिसुकै चर्को आलोचना गरे पनि काली केटीले कहीँ प्रतिकार गर्दिन बरू उसलाई उद्धार गर्ने र खुँडे ओठ बनाइदिने आश्वासन दिएको कुनै व्यक्तिका कुरा सम्झेर र भविष्यको कल्पना गर्दै मग्न भइरहन्छे । स्कुल पढ्ने उमेरमा काली केटीको शरीर घरेलु श्रमिकका रूपमा बस्न बाध्य भएको छ । मालिक्नीले उसलाई पढाउने र कुरूप देखिएको खुँडे ओठ बनाइदिने सर्तमा केटीलाई घरमा राखेको भन्ने कुरा यस अभिव्यक्तिले स्पष्ट पार्दछः

> "स्कुल किन जानुपर्‍यो ? मैले हाइस्कुल पास गरेर पनि के नापेँ र ! तैँ देखिरहेकी छस्, घरको घरै छु ।" पार्वतीले कालीलाई एकपटक हेरिन्, "तँलाई स्कुल जानु जरुरी छैन । चाहिने कुरो मैसँग सिके भैहाल्छ । बरू, अलि चासो राख्ने गर् । यसो म खाली हुँदा कापी र पेन्सिल लिएर आइज । तर, तैँले यस्तो के गर्थिस् ! तँलाई त छरछिमेकका केटाकेटीसँग रल्लिएर बत्तीसपुतली घुम्दैमा फुर्सद हुँदैन । अपरेसनपछि कत्ति न राम्री देखिउँली भनी कल्पिँदैमा ठिक्क छ तँलाई । याद गर्, अपरेसन चार वर्षपछि मात्र हुन्छ । त्यसको टुङ्गो

गर्नअघि तेरा एक-एक नराम्रा कामको लेखाजोखा गर्छु म।" (पृ. ५)

स्कुल जान, आफ्नो चाहनाअनुसार बाँच्न कालीको शरीरलाई स्वतन्त्रता छैन । उसको बोली, व्यवहार, काम, लवाइ, खुवाइ हरेक विषयमा मालिक्नीले नियन्त्रण गरेकी छ। मालिक्नी मात्र होइन उसका आफन्तले पनि केटीलाई फोहोरी, नराम्री, काली, ओठ च्यातिएकी आदि भन्दै हेपिरहन्छन्। ठुलो घर भए पनि कालीलाई मालिक्नीले भऱ्याङमुनि सुत्न दिएकी छ । उसलाई मानिसको हैसियतमा राखेकी छैन । ओठ बनाइदिने, गाडी चलाउन सिकाउने आदि जस्तो प्रलोभन देखाएर मालिकहरू घरमा सहयोगीका रूपमा बसेकाको शारीरिक शोषण गरिरहन्छन् भन्ने कुरा कथाले प्रस्ट पारेको छ । कालीमाथि पार्वतीका परिवारका सबै मान्छे हेपाहा व्यवहार त गर्छन् नै अझ उसलाई सम्झाइ बुझाइ गर्ने गरेको कोही व्यक्तिको कुरा पनि कालीले कथाका बिचबिचमा बेलाबेला सम्झिरहेकी छ । सहयोगको आशा देखाएको युवाको योजना चाहिँ कालीको हिरोइन बन्ने सपनामा टेकेर ओठको उपचार गराउने निहुँमा कालीलाई बम्बई पुऱ्याएर उसको शरीर बेच्ने रहेको बुझिन्छ। यसरी एउटी नाबालक तथा किशोरी केटीको शरीरमाथि कुरुप र खुँडेओठ भएका कारण समाजले उसको शरीरमाथि गरेको शोषण र दमनको व्यवहारबाट समाजको सोच र दृष्टिकोण स्पष्ट भएको छ।

## ६. मानसिक अपाङ्गताको विश्लेषण

मनिषा गौचनको 'अतृप्त भोक' कथाले मानसिक अपाङ्ग किशोरीको शरीरमाथि पटकपटक भइरहने बलात्कारको घटनालाई देखाई समाजमा अपाङ्ग महिलाको असुरक्षित पाटोलाई समेटेको छ । यस कथामा निम्न वर्गीय समाजकी महिला उसिनुमायाले आफ्नी छोरी बालाको पटक पटक बलात्कृत भएको शरीरमाथि आफ्नै पतिले पनि बलात्कार गरेपछि पतिकै हत्या गरी जेल पुगेको भयानक घटना समेटिएको छ। यस कथाले निम्नवर्गीय, अपाङ्ग र नारी शरीरको शोषणलाई चित्रण गरेको छ । अति विपन्न अपाङ्ग महिला शरीरको सुरक्षाको स्थिति कति भयावह छ र त्यस्तो शरीरमाथि समाजको दृष्टिकोण कति घातक छ भन्ने कुरा कथाले देखाएको छ।

त्रिशूलीको किनारमा गिट्टी कुट्ने उसिनुमायाको छोरो साइकल चलाउँदा दुर्घटनामा परेर मर्छ भने जेठी छोरी शिला गलैँचा कारखानामा काम गर्दागर्दै केटोसँग हराएर बेपत्ता भएकी छ। यही घटनाले गरिबको शरीरको मूल्यहीनता र समाजले गरेको बेवास्तालाई सङ्केत गर्दछ । कथामा घटनाको मूल चाहिँ मानसिक अपाङ्ग किशोरी बालाको शरीरसँग जोडिएको छ। राम्रोसँग बोल्न र हिँड्न नसक्ने कान्छी छोरी बाला र आफ्नो पतिलाई लिएर बसेकी उसिनुमाया दैनिक मजदुरी गरेर छोरीको पेट पाल्छे । लोग्नेले छोरीलाई पनि उति वास्ता गर्दैन र उसिनुमायालाई पनि। उसिनुमायाकी बौद्धिक अपाङ्ग छोरी बालाको शरीरमाथि छरछिमेकका पुरुषले गिद्दे नजर लगाउँछन्। ऊ बलात्कृत हुन्छे। राम्रोसँग बोल्न नसक्ने बालाको शरीर किशोर भएदेखि नै पुरुषको यौन भोकको तुष्टि गर्ने वस्तु बनेको छ। उसको शरीर सुन्दर र पुष्ट छ। उसको शरीरमाथि भोगवादी दृष्टिकोण राख्ने समाजका पुरुषहरू जहाँतहीँ छन्। ऊ १५ वर्षकी हुँदा छिमेकी नन्दरामद्वारा बलात्कारमा परेकी छ। आफू बलात्कारमा परेको कुरा भन्न र प्रतिकार गर्न नसक्ने बालाको शरीरमाथि समाजमा पुरुषहरूले पटक पटक दुर्व्यवहार गरे भन्ने कुरा कथामा यसरी व्यक्त भएको छः "नन्दरामद्वारा बलात्कृत हुनु एउटा विज्ञापनजस्तै बन्यो बालाका लागि। क्रमशः यौनप्यासीहरू बालाको ढोका कुर्न थाले। अनि सुरु भयो बालाको शरीर लुट्ने क्रम। कहिले आफन्तबाट, कहिले बटुवाबाट त कहिले पुलिसबाटै" (पृ. ११)। महिलाको शरीर समाजमा असुरक्षित छ। उसको शरीरमाथि सधैँ पुरुष सत्ताले भोगवादी दृष्टिकोण राख्छ । अझ बोल्न नसक्ने र आफ्नो शरीरलाई आफूले चाहे अनुसार चलाउन नसक्ने अपाङ्गको शरीर झन् खतरामा छ भन्ने कुरा यस कथाले देखाएको छ। बालामाथि पटक पटक बलात्कार भएको छ । बलात्कारीलाई प्रमाण पुऱ्याउन नसकेपछि थुन्न सकिएको छैन। बाला आफ्नो शारीरिक रूपमा बाहिर हिँड्नु नै असुरक्षित भएको छ। बालाको

शरीर कहिले आफन्तबाट, कहिले बटुवाबाट त कहिले पुलिसबाट लुटिएको छ । यो अवस्था आउनु भनेको नै समाजमा महिलाको शरीरलाई वस्तुका रूपमा हेर्ने दृष्टिकोण रहनु हो । अशक्त महिलाको शरीरको संवेदना सम्मानित छैन बरु उसको शरीर कसैको लागि मजा गर्ने वस्तु बनेको छ । यहाँ एउटी अपाङ्ग युवतीको शरीरलाई समाजका अनेक पात्रहरूले उपयोग गरेका छन् । उसको शरीरलाई कसरी भोग गरिएको हुन्छ भन्ने कुरा कथामा यसरी आएको छः

> बालाको चीत्कार केवल उसिनुमायाले सुन्छिन् । ढोकामा ताल्चा मारेर के गर्नु ? बाहिरी संसार हेर्नैपर्‍यो बालालाई । नत्र भने जथाभावी गरिदिन्छिन् । उनलाई स्वतन्त्र छोड्ने क्रममा विषालु कीराहरू कुनै झ्यालबाट त कुनै ढोकाबाट पस्छन् र पालैपालो टोक्छन् । धेरै पटक बालाले आफ्नी आमालाई दुखेको स्तन देखाएकी छन् । स्तनमा मानव दाँतका घिनलाग्दा आकार रातो-नीलो रङमा देखिन्छन् । असह्य हुन्छ उसिनुमायालाई ।
>
> यसरी नै बाला लुटिँदै जान्छिन् । उसिनुमाया कामबाट घर फर्कँदा बालाको हालत नजुक भइसकेको हुन्छ । लुटिएका बेला बाला आमासँग खुबै रिसाउँछिन् । लात हान्छिन् । कपाल लुछन जान्छिन् । बालालाई फकाउन आमालाई हम्मेहम्मे पर्छ । (पृ. ११)

बालाको शरीरलाई भोग्नु आफ्नो अधिकार सम्झिने समाजका पुरुषको दृष्टिकोण सदियौँदेखि पितृसत्ताले निर्माण गर्दै आएको धारणा हो । यसै कारण पुरुष बालाको कमजोर शरीरमाथि हावी हुन्छ । कमजोर शरीरलाई आफ्नो स्वार्थमा उपयोग गर्न सकिन्छ भन्ने परम्परित दृष्टिकोण र महिला शरीरलाई भोगको वस्तु ठान्ने पितृसत्ताको खराब भाष्यले समाजमा अपाङ्ग महिलाको शरीर धेरै अप्ठेरोमा परेको छ । आफ्नी छोरीको संवेदना र अप्ठेरो बुझेर पनि उसिनुमाया छोरीको रखबारी गरेर बस्न सक्दिन । उसको पेटको भोकलाई शान्त गर्न छोरीलाई एक्लै छोडेर गिटी कुट्न जानै पर्छ । केही समय छोरीको पहरेदार बनेर बसे पनि भोको पेट भर्न बाहिर जानै पर्ने बाध्यता उसिनुमायालाई छ । गर्भवती भएकी छोरीलाई गर्भपतन गराएर डिपो सुई लगाउन बाध्य भएकी उसिनुमायाको शरीर पनि कम शोषणमा छैन । बालाको शरीर डिपोको सुई लाएपछि अझ भोगका लागि सुरक्षित भएको ठाउँ ठानी उसकै बाबुले बालाको शरीरमाथि जबरजस्ती गरेको घटनाले उसिनुमाया आवेगमा पुगेकी छ र गिटी कुट्ने ह्यमरले पतिको टाउको ठोकेर हत्या गरिदिएकी छ । बाबुले समेत छोरीको शरीरलाई भोगको वस्तुका रूपमा देख्ने अन्धता पुरुषको भोगवादी दृष्टिकोणलाई समाजले परम्परादेखि दिएको प्रश्रय हो । महिलाको शरीरलाई वस्तुका रूपमा हेर्ने धारणा हो र बोल्ने र प्रतिकार गर्न नसक्ने शरीरलाई शक्तिशालीले जे गरे पनि हुन्छ भन्ने दृष्टिकोणको प्रकटीकरण हो ।

## ७. निष्कर्ष

वर्तमान समयको कथा लेखन सचेत छ । यस समयका लेखकहरू समाजका विभिन्न मुद्दामा जोडिएर कथा लेख्ने र चेतनाको निर्माण गर्ने काममा अग्रसर भएका छन् । यस अध्ययनमा समेटिएका कथामा 'यात्रा'ले शारीरिक अपाङ्ग शरीरमाथि समाजले गरेको परम्परागत सोच र दृष्टिकोणका साथै अपाङ्गमैत्री वातावरण नहुँदा भोगेको सास्ती प्रस्तुत गरेको छ । 'बगर' कथामा युद्धले क्षतविक्षत भएको अनुहार लिएर बाँच्दा समाजले दिएको हैरानी छ । 'मृदुलको आत्मकथा'मा कान नसुन्ने युवतीको व्यथा छ । 'खुँडे ओठ' कथामा ओठ काटिएकी कुरूप र गरिब किशोरीले एउटी सहयोगीको भूमिकामा रहँदा पाएको सास्तीसँगै उसको शरीरलाई बम्बै पुर्‍याएर बेच्न पनि तयार हुने समाजको दृष्टिकोण र व्यवहार चित्रण गरिएको छ । त्यसैगरी 'अतृप्त भोक' कथाले बौद्धिक अपाङ्ग युवतीमाथि भएको यौनशोषणको पराकाष्ठा प्रस्तुत गरेको छ ।

साठीको दशकपछिका नेपाली कथाले समाजका किनारीकृत समूहका विषयलाई लेखनको केन्द्रमा मात्र ल्याएका छैनन् त्यस्ता विषयप्रति चासो र चेतनाको निर्माण पनि गरेका छन् । पछिल्लो समयका लेखकहरू अशक्त पात्रको शरीरमाथि समाज, व्यवस्था

र मानिसका परम्परित सोच र दृष्टिकोणले निर्माण गरेका विभेदी व्यवहारप्रति आक्रामक भएका छन् । समकालीन नेपाली कथाले शारीरिक तथा मानसिक अपाङ्ग मानिसका समस्या, समाजले तिनको शरीरमाथि गरेको विभेदको राजनीति, अशक्त र कमजोर शरीरमाथि गरिने हेला, संवेदनाहीन व्यवहार, व्यवस्थाबाट भएका त्रुटि, परम्परित दृष्टिकोणबाट बनेका व्यवहार र तीप्रतिको आलोचनात्मक अभिव्यक्ति समेटेका छन् । बदलिँदै गएको चेतनाको तहले पनि शरीरमाथि न्यायका दृष्टिकोण कसरी विकास हुनुपर्छ भन्ने कुरालाई लेखकहरूले आत्मसात् गर्दै यस्ता विषयमा कथाबाट चेतना निर्माण गरेका छन् ।

## लेखकको संलग्नता

**Dr. Rajani Dhakal (Phd)**
Associate Professor, Nepali Department,
Tribhuvan University, Nepal

## सन्दर्भ सामग्री सूची

1. क्षेत्री, एल.बी. (२०७५). *व्रतभङ्ग*. काठमाडौँ: बिएन पुस्तक संसार प्रा.लि. ।
2. गौचन, मनिषा (२०७९). *प्रतिवहन*. काठमाडौँ: इन्डिगो इन्क प्रा. लि. ।
3. थापा, महेश (२०७५). *मरीचिका*. काठमाडौँ: साङ्ग्रिला पुस्तक प्रा. लि. ।
4. पराजुली, प्रज्जवल. (सन् २०१५). *गोर्खाकी छोरी*. काठमाडौँ: नेपालय ।
5. पौड्याल, महेश. (२०७८). *अपरिचित अनुहार*. काठमाडौँ: शिखा बुक्स ।
6. Fifield, P. (2015). 'The Body, Pain and Violence'. *The Cambridge Companion to The Body in Literature*. (Ed. Hillman, David & Maude, Ulrika Cambridge: Cambridge University Press. (p. 116-131).
7. Foucault, M. (1977) *Discipline and Punish*. London: Allen Lane.
8. Henly, N. M. (1977). *Body Politics: Power, Sex, and Nonverbal Communication*. New Jersey: Prentice-Hall.
9. Hillman, D. & Maude, U. (2015). *The Cambridge Companion to The Body in Literature*. Cambridge: Cambridge University.
10. Hsy, J. (2015). 'Dissablity'. *The Cambridge Companion to The Body in Literature*. (Ed Hillman, David & Maude, Ulrika Cambridge: Cambridge University Press. (p. 24-57).

**TO CITE THIS ARTICLE**

Dhakal, R. (2024). नेपाली कथामा अपाङ्ग शरीरमाथिको राजनीति [Politics on Physically Disabled in Nepal Stories]. International Research Journal of MMC, 5(4), 197–209.
https://doi.org/10.3126/irjmmc.v5i4.70932

**Submitted:** 22 August July 2024 **Accepted:** 29 August 2024 **Published:** 30 September 2024

**COPYRIGHT**

©2024 The Author(s). This is an open-access article distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC-BY-NC 4.0), which permits unrestricted use, distribution, and reproduction in any medium, provided the original author and source are credited. See https://creativecommons.org/licenses/by-nc/4.0/

*International Research Journal of MMC (IRJMMC)* is a peer-reviewed open access journal published by Research Management Cell, Makawanpur Multiple Campus, Hetauda